**शिवसताक्षी नगरपालिका**

**स्थानीय राजपत्र**

**खण्ड ४) झापा, चैत्र १७ गते, २०७७ साल (संख्या १०**

**भाग २**

**प्रमाणिकरण २०७७/१२/१८**

# शिवसताक्षी नगरपालिका सहकारी प्रवर्द्धन कार्यविधि, २०७७

**प्रस्तावना:–**

यस नगरपालिका कार्यालयको नियमन क्षेत्र भित्र संचालित सहकारी संस्थाहरु र यस नगरपालिकामा प्रधान कार्यालय रहि अन्य स्थानीय तह सम्म कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई एक सुत्रमा बाँधी सहकारी संस्थाहरुलाई प्रवर्द्धन कार्यक्रममा समावेश गरी सहकारी संस्थाहरुका सदस्यहरुलाई आर्थिक रुपमा सक्षम र सबल बनाई सहकारी संस्था मार्फत शिवसताक्षी नगरपालिकाका जनताको उन्नती र समृद्धिमा अभिबृद्धि गर्न बान्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को २ ले दिएको अधिकार प्रयोग गरी शिवसताक्षी नगरपालिका, नगर कार्यपालिकाको मिति २०७७/१२/१७ गते वसेको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१

१, **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "शिवसताक्षी नगरपालिका सहकारी प्रवर्द्धन कार्यविधि, २०७७" रहेको छ ।

शिवसताक्षी नगरपालिका, झापा

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२, **परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमा

(क) **"अनुगमन समिति"** भन्नाले यस कार्यविधि अनुसार गठित सहकारी प्रवर्द्धन समितिले भए गरेका कामहरुको अनुगमन तथा नियमन गर्ने समितिलाई जनाउँछ ।

(ख) **"आन्तरिक कार्यविधि"** भन्नाले सहकारी प्रवर्द्धन कार्यक्रम संचालन गर्न वनेको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ग) **"आयोजना"** भन्नाले शिवसताक्षी नगरपालिका भरी रहेका सहकारी संस्थाहरु मिलेर संचालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ ।

(घ) **"उपप्रमुख"** भन्नाले नगरपालिकाकाको उपप्रमुख सम्झनु पर्छ ।

(ङ) **"ऐन"** भन्नाले शिवसताक्षी नगरपालिकाको सहकारी ऐन २०७४ लाई सम्झनु पर्छ ।

(च) **"कार्यालय"** भन्नाले शिवसताक्षी नगरपालिकाको कार्यालयलाई जनाउँछ ।

(छ) **"कार्यपालिका"** भन्नाले नगरपालिकाको कार्यपालिका भन्ने सम्झनुपर्छ ।

(ज) **"नियमावली"** भन्नाले शिवसताक्षी नगरपालिकाको सहकारी नियमावली २०७७ सम्झनु पर्छ ।

(झ) **"प्रवर्द्धन समिति"** भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित सहकारी प्रवर्द्धन समितिलाई जनाउँछ ।

(ञ) **"प्रवर्द्धन कार्यक्रम"** भन्नाले शिवसताक्षी नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका सहकारी संस्थाहरु मिलि संचालन गरिने उधोग सम्झनु पर्छ ।

(ट) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले शिवसताक्षी नगरपालिकाको प्रमुख प्रशाकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ड) **"लेखा सुपरीवेक्षण समिति"** भन्नाले दफा १७ अनुसारको लेखा सुपरीवेक्षण समितिलाई सम्झनुपर्छ ।

(ढ) **"विभाग"** भन्नाले सहकारी विभाग सम्झनु पर्छ ।

(ण) **"शेयर"** भन्नाले सहकारी संस्थाहरुले प्रवर्द्धन कार्यक्रममा लगानी गरेको पूँजीको अंशलाई सम्झनुपर्छ ।

(त) **"सदस्य"** भन्नाले यस प्रवर्द्धन कार्यक्रमको सदस्यता प्राप्त गरेका सहकारी संस्थाहरु सम्झनुपर्छ ।

(थ) **"सहकारी खेती"** भन्नाले संस्थाले बहुवर्षीय रुपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्य (सहकारी संस्था) हरु प्रत्यक्षत: संलग्न गराएर सामूहिक जोखिममा सञ्चालन गर्ने खेतीपाती

शिवसताक्षी नगरपालिका, झापा

सम्झनु पर्छ र सो शब्दले त्यसरी सामूहिक जोखिममा गरिने पशुपालन, माछापालन, मौरी पालन, कुखुरापालन, चक्लाबन्दी खेतीलाई समेत जनाउँछ ।

(द) **"साधारणसभा"** भन्नाले सहकारी प्रवर्द्धन कार्यक्रमको साधारणसभा सम्झनु पर्छ ।

(ध) **"संस्था"** भन्नाले यस शिवसताक्षी नगरपालिकाको नियमन क्षेत्र भित्र संचालित प्रारम्भिक सहकारी संस्थाहरुलाई सम्झनु पर्छ ।

३, **उद्देश्य:**

क) शिवसताक्षी नगरपालिकाको क्षेत्राधिकार भित्र संचालित सहकारी संस्थाहरुलाई कृषि, पशुपालन तथा उद्योगमा लगानी गर्न उत्साहित गर्न ।

ख) यस नगरपालिकाका कृषकहरुलाई प्रोत्साहन गरी कृषि तथा पशुपालनमा उत्साहित गर्न ।

ग) सहकारी प्रवर्द्धन कार्यक्रम मार्फत शिवसताक्षी नगरपालिकाका जनताको समृद्ध ल्याउन ।

घ) सहकारी संस्था मार्फत सहकारी संस्थाका सदस्यहरुको आम्दानीमा बृद्धि गर्न ।

ङ) एकिकृत कृषि फर्म संचालन गर्ने ।

च) समाज उत्थानको लागि सामाजिक हितका क्रियाकलाप गर्ने ।

छ) अर्ग्यानिक नगदे तथा खाद्य बाली उत्पादन तथा खरिद विक्री गर्ने ।

ज) विभिन्न बैंक, वित्तिय संस्था, कम्पनी, एन.जि.ओ., आई.एन.जि.ओ., नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह लगायत निकायहरुबाट कुनै शर्त नराखि प्राप्त हुने अनुदान स्वीकार गर्ने ।

झ) प्रचलित कानूनको अधिनमा रही खाद्यान्न, दलहन, तेलहन, नगदेवाली, पशु पंक्षि तथा मत्स्य, दुग्ध वा अन्य यस्तै कृषिजन्य पदार्थको संकलन गर्ने, भण्डारण गर्ने, ढुवानी गर्ने, गुणस्तर जाँच गर्ने, बजारीकरण गर्ने एवं प्रशोधन उद्योगको स्थापना गर्ने जस्ता क्रियाकलापहरु संचालन गरी शिवसताक्षी नगरपालिकाका जनतहरुको उत्पादनको मूल्य अभिबृद्धि गर्नुका साथै रोजगारीका अवसरहरुको सृजना गर्ने ।

ञ) कष्टम हायरिङ्ग सेन्टर, कृषि वजार, बाली विशेष भण्डार गृह (Cold Storage), कृषि उपज बैंक, उद्योगहरु कार्यक्रमहरु संचालन गर्ने ।

ट) चक्ला वन्दि खेतीको माध्यमद्वारा कृषि क्षेत्रको उत्पादनमा वृद्धि गर्दै लाने ।

**परिच्छेद २**

**सहकारी प्रवर्द्धन समितिको स्थापना**

४, **सहकारी प्रवर्द्धन समितिको स्थापना:**

१) शिवसताक्षी नगरपालिकामा एक नगरपालिका सहकारी प्रवर्द्धन समितिको स्थापना गरिनेछ ।



शिवसताक्षी नगरपालिका, झापा

२) नगरपालिका सहकारी प्रवर्द्धन समितिको कार्यालय शिवसताक्षी नगरपालिकामा रहनेछ ।

३) समितिले नगरपालिकाको स्वीकृति लिई नगरका अन्य स्थानमा पनि आफ्नो सम्पर्क कार्यालय संचालन गर्न सक्नेछ ।

**परिच्छेद-३**

**नगरपालिका सहकारी प्रवर्द्धन समितिको गठन, काम, कर्तव्य र अधिकार**

५, **समितिको गठनः-** १) नगरपालिका सहकारी प्रवर्द्धन समितिमा ११ सदस्य समिति गठन गरिनेछ । समितिको कार्य अवधि ३ वर्षको हुनेछ । समितिको गठन देहायबमोजिम हुनेछः

क, सहकारी संस्थावाट छनौट हुने १ जना ............................... अध्यक्ष

ख, सहकारी संस्थावाट छनौट हुने १ जना .............................. उपाध्यक्ष

ग, सहकारी संस्थावाट छनौट हुने १ जना महिला ..................... कोषाध्यक्ष

घ, सहकारी संस्थाहरुवाट (५ जना) ....................................... सदस्य

ङ, शिवसताक्षी नगरपालिका, सहकारी शाखा प्रमुख ................ सदस्य सचिव

२) उपदफा (१) बमोजिमको प्रवर्द्धन समितिको पहिलो बैठकले समावशिताको आधारमा १ जना महिला सहित २ जना मनोनित गर्नेछ ।

३) उपदफा (१) बमोजिमका पदाधिकारीहरु पहिलो पटकको लागि सहकारी प्रवर्द्धन कार्यक्रममा शेयर लगानी गर्ने सहकारी संस्थाहरुको भेलावाट गठन हुनेछ । तर दोस्रो पटकवाट वार्षिक साधारणसभावाट सर्वसम्मत वा सो नभएमा बहुमतवाट गठन हुनेछ ।

४, उपदफा (१) बमोजिमको समितिमा उपलव्ध भएसम्म कम्तिमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चत गर्नु पर्दछ ।

५, सहकारी संस्था शिवसताक्षी नगरपालिकामा सुचिकृत भएको हुनु पर्नेछ ।

६, सहकारी संस्थाले नियमित शिवसताक्षी नगरपालिकामा वार्षिक साधारणसभा र लेखापरीक्षण प्रतिवेदन बुझाएको हुनु पर्नेछ ।

७, नगरपालिका सहकारी प्रवर्द्धन समितिका पदाधिकारीमा छनौट हुनको लागि शेयर सदस्य सहकारी संस्थाको संचालक समितिको बैठकवाट निर्णय गरी आएको संचालक समितिका पदाधिकारीहरु मात्र हुनु पर्नेछ ।

शिवसताक्षी नगरपालिका, झापा

८) नगरपालिका सहकारी प्रवर्द्धन समितिका कुनै पदाधिकारी रिक्त भएमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि चयन गर्नेछ ।

९) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका सहकारी प्रवर्द्धन समितिका पदाधिकारीमा छनौट हुनको लागि नगरपालिका सहकारी प्रवर्द्धन कार्यक्रमको सदस्य भएको सहकारी संस्थाहरुवाट मात्र सहभागी हुनेछन् ।

**६, नगरपालिका सहकारी प्रवर्द्धन समितिको वैठक:**

१, प्रवर्द्धन समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको परापर्शमा सदस्य सचिवले बोलाउनेछ । समितिको दुई बैठक बीच ४५ दिन भन्दा बढीको अन्तर हुनेछैन ।

२, वैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गर्नु पर्दछ । यदि सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई समितिको निर्णयको रुपमा मान्नु पर्दछ । कुनै विषयमा बहुमतवाट निर्णय हुन नसकी मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

३, समितिको बैठकमा भएको काम कारवाही तथा निर्णय समितिमा कुनै पद रिक्त भएको वा कुनै सदस्य अनुपस्थित भएको कारणले मात्र अवैध हुनेछैन ।

४, समितिको बैठकको गणपुरक संख्या पुग्न कुल सदस्य संख्याको कम्तिमा ५१ प्रतिशतभन्दा बढी सदस्यको उपस्थिति भएको हुनु पर्दछ ।

**७, समितिको पदमा वहाल रहन नसक्ने अवस्था:**

क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारण सभाले निजको राजिनामा स्वीकृत गरेमा ।

ख) मृत्यु भएमा ।

ग) समितिलाई जानकारी नदिई सहकारी प्रवर्द्धन समितिको कार्य प्रकृतिसँग मेल खाने निजी व्यापार संचालन गरेको प्रमाणित हुन आएमा ।

घ) सदस्यता समाप्त भएमा ।

ङ) विना सूचना लगातार ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा ।

च) ६ महिना भन्दा बढी अवधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा ।

छ) पदावधि समाप्त भएमा ।

शिवसताक्षी नगरपालिका, झापा

८, **समितिको काम, कर्तव्य र अधिकार:** सदस्यहरुको हितलाई ध्यानमा राखी समितिले देहाय वमोजिमका कार्यहरु गर्नेछ:

१) सहकारी प्रवर्द्धन कार्यक्रमको समग्र व्यवस्थापन गर्ने । प्रवर्द्धन कार्यक्रम बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

२) निर्धारित कार्यविधिको आधारमा सदस्यता विस्तार गर्ने ।

३) कारोवारका हरहिसाव अध्यावधिक गरी गराई सोको विवरण प्रमाणित गर्ने ।

४) सल्लाहकारको मनोनयन गर्ने वा हटाउने वा परिवर्तन गर्ने ।

५) प्रवर्द्धन कार्यक्रममा योग्यताका आधारमा साधारणसभावाट स्वीकृत दरवन्दि अनुसारका कर्मचारी छनौट गरी नियुक्ति गर्ने र तलब भत्ता तोक्ने ।

६) प्रवर्द्धन समितिका रिक्त पद पुर्ति वा समितिहरुको पदावधि सकिनु अगावै नयाँ समिति निर्वाचानको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिए बमोजिम निर्वाचान समिति गठन गर्ने ।

७) साधारण सभाले निर्देश गरेका वा स्वीकृत गरेका कामहरु गर्ने ।

८) साधारण सभाको प्रत्यायोजित अधिकारका आधारमा समयमै निर्धारित प्रकृया पुरा गरी गराई लेखा परीक्षकको नियुक्ति गरी संस्थाको हरहिसाबको लेखा परीक्षण गराउने ।

## ९, समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार:**

(१) समितिको नियमित बैठक बोलाउने बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

(६) सहकारी प्रवर्द्धन कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(७) विशेष बैठकको आवश्यकता परेमा बैठक बोलाउने ।

(८) सहकारी प्रवर्द्धन कार्यक्रमको गतिविधिहरु सम्बन्धित नगरपालिकालाई र सदस्य सहकारीहरुलाई निरन्तर जानकारी गराउनु पर्नेछ ।

(९) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।



शिवसताक्षी नगरपालिका, झापा

**(ख) उपाध्क्षको काम, कर्तव्य र अधिकार:**

(१) अध्यक्षको काममा सहयोग पुर्याउने ।

(२) अध्यक्षले लिखित रुपमा प्रत्यायोजन गरेका वा तोकेका कार्यहरु गर्ने ।

(३) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

(४) समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

**(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:**

(१) सहकारी प्रवर्द्धन कार्यक्रमको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

(२) खर्चको लेखापरीक्षण गराउने ।

(३) बैंकमा खाता संचालन गर्दा अध्यक्ष, कोषाध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतवाट बैंक खाता संचालन गर्ने ।

(४) सहकारी प्रवर्द्धन कार्यक्रमको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार:**

(१) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(२) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(३) समितिको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।

(४) सहकारी प्रवर्द्धन कार्यक्रमको हर हिसाब राख्ने ।

(५) साधारणसभाको अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने, बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने ।

(६) साधारणसभा र संचालक समितिवाट भएको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(७) कर्मचारी प्रशासन सम्बन्धि सम्पूर्ण कार्यहरु गर्ने, गराउने ।

(८) सहकारी प्रवर्द्धन कार्यक्रमको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रही प्रवन्ध, निरिक्षण निर्देशन दिने ।

(९) तोकिएको अन्य कार्यहरु गर्ने ।

**(ङ) सदस्यहरुको काम, कर्तव्य र अधिकार:**

(१) नियमित बैठकमा उपस्थित भई निर्णय प्रक्रियामा सहभागी हुने ।

(२) सहकारी प्रवर्द्धन कार्यक्रमको निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(३) सहकारी प्रवर्द्धन कार्यक्रमको हिसाब-किताबको जानकारी लिने ।

(४) सहकारी प्रवर्द्धन समितिका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।

(५) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई सघाउने ।

(६) तोकिएको अन्य कार्यहरु गर्ने ।

## परिच्छे-४

## सहकारी प्रवर्द्धन कार्यक्रमको सदस्यता

१०, **सहकारी प्रवर्द्धन कार्यक्रमको सदस्यताः** शिवसताक्षी नगरपालिका भरी कार्यक्षेत्र भएका, शिवसताक्षी नगरपालिकाको क्षेत्राधिकार भित्र प्रधान कार्यालय भई अन्य स्थानीय तह सम्म कार्यक्षेत्र भएका सहकारी संस्थाहरु यस कार्यक्रमका सदस्य हुन सक्नेछन् । सदस्यता लिनको लागि तपशिल अनुसारको योग्यता भएको हुनु पर्नेछ ।

१) शिवसताक्षी नगरपालिका भरी कार्यक्षेत्र भएका र प्रधान कार्यालय शिवसताक्षी नगरपालिकको क्षेत्राधिकार भित्र रहेको सहकारी संस्था हुनु पर्नेछ ।

२) सहकारी संस्था दर्ता भएको हुनु पर्नेछ ।

३) सहकारी प्रवर्द्धन कार्यक्रमको कार्यविधि, नीति, नियमहरु पालना गर्ने संस्था ।

४) प्रचलित कानूनले अयोग्य नठहरिएको सहकारी संस्था ।

५) शेयर खरिद गरेको सहकारी संस्था ।

६) सहकारी प्रवर्द्धन कार्यक्रमले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको ।

७) शिवसताक्षी नगरपालिकामा सुचिकृत भएको ।

८) नियमित शिवसताक्षी नगरपालिकामा वार्षिक साधारणसभा र लेखापरीक्षण प्रतिवेदन बुझाएको ।

११, **सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) यस कार्यक्रमको सदस्यता लिन चाहने सहकारी संस्थाले समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले यस कार्यविधि तथा आन्तरिक कार्यविधिको अधिनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित सहकारी संस्थाले अनुगमन समिति समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानविन गर्दा निवेदकलाइ सदस्यता प्रदान गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सहकारी प्रवर्द्धन समितिलाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्तगरेको सात दिन भित्र सहकारी प्रवर्द्धन समितिले निवेदकलाई सदस्यता प्रदान गरी सो को जानकारी अनुगमन समितिलाई गराउनु पर्नेछ ।

१२, **प्रवेश शुल्क:** यस सहकारी प्रवर्द्धन कार्यक्रमको सदस्यता लिनको लागि निवेदक सहकारी संस्थाहरुले प्रवेश शुल्क वापत रकम बुझाउनु पर्ने छैन ।

**परिच्छेद-५**

**साधारणसभा तथा लेखा सुपरीवेक्षण समिति**

१३, **साधारणसभा:**

१) सहकारी प्रवर्द्धन कार्यक्रमको सर्वोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ ।

२) सहकारी प्रवर्द्धन कार्यक्रमका सबै सहकारी सदस्यहरु साधारणसभाका सदस्य हुनेछन् ।

३) सहकारी प्रवर्द्धन कार्यक्रमको साधारणसभा देहाय बमोजिम हुनेछः

(क) वार्षिक साधारणसभा

(ख) विशेष साधारणसभा

१४, **साधारणसभाको काम, कर्तव्य र अधिकार: वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:**

क) वार्षिक कार्यक्रम तथा वजेट स्वीकृति गर्ने ।

ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने ।

ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने ।

घ) समिति अध्यक्ष वा लेखा सुपरीवेक्षण समितिका संयोजक वा सदस्यलाई पदवाट हटाउने ।

ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

छ) पारिश्रमिक लगायतका सुविधा तोक्ने ।

ज) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने ।

झ) समितिलाई आवश्यक निर्देशन दिन ।

ञ) तोकिएका अन्य कार्य गर्ने ।

१५, **साधारणसभाको वैठक:** (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनभित्र वार्षिक साधारणसभा वोलाउनु पर्नेछ ।

२) समितिले देहायको अवस्थामा विशेष साधारणसभा वोलाउन सक्नेछः

(क) प्रवर्द्धन कार्यक्रमको काम विशेषले विशेष साधारणसभा बोलाउनु पर्ने समितिवाट निर्णय भएमा ।

(ख) लेखा सुपरीवेक्षणको सिफारिसमा ।

(ग) कुनै समितिका पदाधिकारीले विशेष साधारणसभा वोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा ।

(घ) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा ।

३) उपदफा (२) मा जुनसकै कुरा लेखिएको भएतापनि सहकारी प्रवर्द्धन समितिका अध्यक्ष वा कर्मचारीहरुवाट आफ्नो जिम्मेवारी पूरा नगरी प्रवर्द्धन कार्यक्रममा समस्या उत्पन्न भएको अवस्थामा नगरपालिकालाई जानकारी दिई सदस्यहरु मध्येवाट बहुमत सदस्य उपस्थित भई विशेष साधारणसभा गर्न सकिनेछ ।

१६, **विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्ने:** (१) सहकारी प्रवर्द्धन कार्यक्रमको अनुगमन निरीक्षण गर्दा वा कसैको उजुरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा अनुगमन समितिले सहकारी प्रवर्द्धन समितिलाई साधारणसभा वोलाउन निर्देशन दिन सक्नेछ ।

क) सहकारी मुल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा ।

ख) यस कार्यविधि, विनियम, आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा ।

ग) नगरपालिका, अनुगमन समिति तथा अन्य निकायले दिएको निर्देशनको बारम्बार उलङ्घन गरेमा ।

२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ र साधारणसभाको बैठकमा उजुरी वा अनुगमन निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा अनुगमन समितिको सिफारिसमा नगरपालिकाले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

(४) दफा १५ को उपदफा २ (घ) अनुसार ७ दिन भित्र प्रवर्द्धन समितिले विशेष साधारणसभा वोलाएउन अटेर गरेमा १५ प्रतिशत सदस्यले निवेदन दिएमा नगरपालिकाले ७ दिन भित्र साधारणसभा वोलाउनेछ ।

(४) सहकारी प्रवर्द्धन कार्यक्रमको साधारणसभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारणसभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारणसभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाईएको साधारणसभामा



शिवसताक्षी नगरपालिका, झापा

प्रवर्द्धन समितिको बहुमत सहित एक तिहाई सदस्यहरुको उपस्थिति भएमा साधारणसभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

१७, **लेखा सुपरीवेक्षण समितिको गठन:** (१) सहकारी प्रवर्द्धन कार्यक्रमलाई नियन्त्रण प्रणालीलाइ सुदृढ गर्न एक जना संयोजक र दुईजना सदस्यहरु रहने गरी साधारणसभाले निर्वाचनवाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

१८, **लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार:** (१) लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) प्रत्येक चौमासिकमा प्रवर्द्धन कार्यक्रमको आन्तरिक लेखा परीक्षण गर्ने, गराउने ।

ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने ।

ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मुल्याङ्कन गर्ने, गराउने ।

घ) समितिको काम कारवाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने ।

ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरीवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने ।

छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा प्रवर्द्धन कार्यक्रमको नगद वा जिन्सी सम्पत्तिको व्यापक रुपमा हिनामिना वा अनियमितता भएको वा प्रवर्द्धन कार्यक्रम गम्भिर आर्थिक संकटमा पर्न लागेमा सो को कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(२) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य सहकारी प्रवर्द्धन समितिको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

**परिच्छेद-६**

**<u>आर्थिक स्रोत परिचालन</u>**

१९, **शेयर विक्री तथा फिर्ता सम्बन्धी व्यवस्था:** १) नगरपालिका सहकारी प्रवर्द्धन कार्यक्रमले सहकारी संस्थाहरुलाई शेयर विक्री गर्न सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यक्रमले एकै सदस्यलाई कुल शेयर पुँजीको २० प्रतिशतभन्दा बढी हुनेगरी शेयर बिक्री गर्न सक्ने छैन ।



शिवसताक्षी नगरपालिका, झापा

३) कुनै सदस्यले यस कार्यक्रमवाट सदस्यता ५ वर्ष सम्म फिर्ता हुनेछैन ।

२०, **अनुदान लिन सक्ने:** १) नगर सहकारी प्रवर्द्धन कार्यक्रमले संघिय सरकार, प्रदेश सरकार, स्थानीय तह, विदेशी निकाय वा अन्य निकायबाट अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम विदेशी निकायबाट अनुदान लिन स्वीकृतीको लागि तोकिएबमोजिमको विवरणहरु सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम प्रस्ताव नगरपालिकाले उपयुक्त देखेमा स्वीकृतीको लागि मन्त्रालयमा सिफारिस गरि पठाउनेछ ।

## परिच्छेद-७

## कार्यक्रमको कोष

२१, **कार्यक्रमको कोष:** १) प्रवर्द्धन कार्यमको कोषमा देहाय बमोजिमको रकम रहनेछ:

(क) शेयर विक्रीबाट प्राप्त रकम

(ख) संघिय सरकार, प्रदेश सरकार, स्थानीय तहवाट प्राप्त अनुदान रकम

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम

(घ) व्यवसायिक कार्यवाट आर्जित रकम

(ङ) सहकारी प्रवर्द्धनको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम

२२, **जगेडा कोष:** १) सहकारी प्रवर्द्धन कार्यक्रममा एक जगेडा कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्:

(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम ।

(ख) कुनै निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम ।

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम ।

(घ) अन्य स्रोतवाट प्राप्त रकम ।

२३, **अन्य कोष सम्बन्धी व्यवस्था:** १) दफा (२२) मा उल्लिखित कोषमा रकम छुट्याइ सकेपछि बाँकी रकमलाई १०० प्रतिशत मानी सहकारी प्रवर्द्धन कार्यकममा देहाय बमोजिमको कोषहरु रहन सक्ने छन् ।

| | |
|---|---|
| (क) शेयर लाभांस कोष | ८०% |
| (ख) कर्मचारी बोनस कोष | १०% |
| (ग) सहकारी शिक्षा कोष | ५% |
| (घ) सामुदायिक विकास कोष | ५% |
| जम्मा | १००% |

२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि उपयोग गर्नु पर्नेछ ।

३) नगरपालिका सहकारी प्रवर्द्धन कार्यक्रममा शेयर लगानी आधारमा दामासाहीले शेयर सदसयहरुलाई शेयर लाभांस वितरण गरिनेछ ।

४) नगरपालिका सहकारी प्रवर्द्धन कार्यक्रमले खुद बचतवाट नियमानुसार संघिय कानून र स्थानीय कानून अनुसारको कर संघिय सरकार र स्थानीय तहलाई बुझाउनेछ ।

## परिच्छेद-८

## अभिलेख र सूचना

२४, **अभिलेख राख्नु पर्ने:** (१) सहकारी प्रवर्द्धन कार्यक्रमले साधारणसभा, समिति तथा लेखा सुपरीवेक्षण समिति बैठकका निर्णय तथा काम कारवाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) कार्यक्रमले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरु सुरक्षित साथ राख्नु पर्नेछ ।

२५, **विवरण उपलव्ध गराउनु पर्ने:** (१) नगर सहकारी प्रवर्द्धन कार्यक्रमले देहाका विवरणहरु सहितको प्रतिवेदन आ.ब. समाप्त भएको तोकिएको समय भित्र नगरपालिकामा पेश गर्नु पर्नेछ:

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन

(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना

(ग) साधारणसभाको बैठक सम्बन्धी जानकारी

(घ) शिवसताक्षी नगरपालिकाले समय समयमा तोकिदिएको अन्य विवरण

२६) **कारोवारको लेखा:** सहकारी प्रवर्द्धन कारोवारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोवारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी कानून बमोजिम लागु गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) मा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

२७, **लेखापरीक्षण:** (१) सहकारी प्रवर्द्धन कार्यक्रमले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकवाट गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण नगराएको पाइएमा नगर कार्यपालिकाले लेखा परीक्षण इजाजतपत्रप्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम प्रवर्द्धन कार्यक्रमले बेहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभामा पेश गर्नु पर्नेछ ।

शिवसताक्षी नगरपालिका, झापा

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुन: लेखापरीक्षणको लागि साधारणसभाले दफा २८ को अधिनमा रहि अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

२८, **लेखापरीक्षकको नियुक्ति:** (१) संस्थाको लेखापरीक्षण सम्बन्धि कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरु मध्येवाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

## परिच्छेद-९

## निरिक्षण तथा अनुगमन

३०, **अनुगमन समिति:** नगरपालिका सहकारी प्रवर्द्धन कार्यक्रमको संचालन, लेखा व्यवस्थापन र अन्य गतिविधिको अनुगमन तथा निरिक्षण गर्नका लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ:

| | |
|---|---|
| क) नगर उपप्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

३१, **अनुगमन समितिको काम, कर्तव्य र अधिकार:** (१) जुनसुकै बखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कार्यक्रमको कामकारवाही यो कार्यविधि, नियम, निर्देशिका वा नेपाल कानून बमोजिम भएको नपाइएमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु यस प्रवर्द्धन समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा अनुगमन समितिले दिएको निर्देशन ३ पटक सम्म उलङ्घन गरेमा अनुगमन समितिको सिफारिसमा नगरपालिकाले विशेष साधारण सभा वोलाउन सक्नेछ ।

(४) यस कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्दा प्राप्त हुन आएको जानकारी शिवसताक्षी नगर कार्यपालिकालाई चौमासिक रुपमा उपलव्ध गराउनु पर्दछ ।

३२ **छानविन गर्न सक्ने:** (१) यस कार्यक्रमको व्यवसायिक कारोवार सन्तोजनक नभएको, सदस्यको हित विपरित काम भएको वा सो कार्यक्रमको उद्देश्य विपरीत कार्य गरेको भनी २० प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा शिवसताक्षी नगरकार्यपालिकाले छानविन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलव्ध गराई सहयोग गर्नु सहकारी प्रवर्द्धन समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी प्रवर्द्धन समितिलाई लिखित रुपमा दिनु पर्नेछ ।

**परिच्छद-१०**

**विविध**

३३, **मताधिकारको प्रयोग:** कुनै सदस्सले यस कार्यक्रमको जतिसुकै शेयर खरिद गरेको भए तापनि प्रवर्द्धन कार्यक्रमको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

३४, **सरकारी बाँकी सरह असुल उपर हुने:** यस सहकारी प्रवर्द्धन कार्यक्रमले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

३५, **मापदण्ड, निर्देशिका वनाई लागू गर्न सक्ने:** (१) यस कार्यविधिको अधिनमा रही यस प्रवर्द्धनको सञ्चालन, निरीक्षण तथा अनुगमन, लगायतका काम कारवहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न शिवसताक्षी नगरकार्यपालिका र नगरपालिका सहकारी प्रवर्द्धन समितिले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३६, **संशोधन र बचाउ:** (१) आवश्यकता अनुसार यस कार्यविधिका कुनै दफाहरु सम्सोधन गर्नु परेमा सहकारी प्रवर्द्धन कार्यक्रमको साधारणसभाको सिफारिसमा नगर कार्यपालिकाले ऐन, नियमानुसार गर्न सक्नेछ ।

३७, **खारेजी र बचाउ:** (१) सहकारी प्रवर्द्धन कार्यक्रम सम्बन्धी व्यवस्था अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) यस कार्यविधिमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानूनसँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले**
**गीताकुमारी राई**
**प्रमुख प्रशासकीय अधिकृत**

शिवसताक्षी नगरपालिका, झापा